# जैविक विविधतामा जनअधिकारको सवाल

■ **दिलराज खनाल**

## नेपालको जैविक विविधता नीति

नेपालमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा करिब ६५ ओटा कानुन र झण्डै २० ओटा नीति, रणनीति तथा कार्यनीतिहरु जैविक विविधताको संरक्षण, सम्बर्द्धन तथा सदुपयोगसँग सम्बन्धित रहेका छन् (तालिका-१) । यसरी निर्माण भएका कानुन तथा नीतिहरु मध्ये कतिपय व्यवहारिक रुपमा कार्यान्वयन भइरहेका छन् भने कतिपय निष्क्रिय अवस्थामा पनि रहेका छन् । त्यस्तै कार्यान्वयनमा आइरहेका कतिपय कानुनका दफा र नियमहरु तथा नीतिगत व्यवस्थाहरु एक आपसमा बाझिएका छन्, जसले स्थानीय समुदायमा अस्पष्टता र अन्यौल सिर्जना गरेको पनि देखिन्छ । राज्य निर्मित कानुन र नीतिमा भएका विरोधाभाषपूर्ण व्यवस्थाहरुले स्थानीय समुदायमा अन्यौल सिर्जना गरिदिन सक्दछ । परिणामतः समुदायका लागि प्राप्त अधिकारहरु पनि निष्क्रिय हुन पुग्दछन् । यसै गरी नेपालका जैविक विविधता सम्बन्धी केही कानुनी र नीतिगत व्यवस्थाहरुले पनि आशातित् सफलता पाउन सकेका छैनन् । प्राकृतिक स्रोतमा सामुदायिक अधिकारको मान्यता न्यून हुनु नै यसको जड कारण हो । स्थानीय समुदायको प्राकृतिक स्रोतमाथिको परम्परागत अधिकार कटौती गरिएमा जनताको आत्मविश्वासमा धक्का पुग्न जान्छ भन्ने कुरालाई नेपालको वन विकास गुरुयोजनाले पनि स्वीकार गरेको छ[१]।

कुनै पनि मुलुकको जैविक विविधता सम्बन्धी नीति तथा कानुनले आजसम्मको सबैभन्दा महत्वपूर्ण अन्तर्राष्ट्रिय कानुनको रुपमा रहेको जैविक विविधता महासन्धि, १९९२ को मर्मसँग प्रत्यक्ष रुपमा मेल खानुपर्छ, जुन गरिब मुलुकका विपन्न समुदायको हितमा बनेको देखिन्छ । प्रस्तुत लेखमा जैविक विविधतामा जनताको अधिकारका लागि नेपालले अन्तराष्ट्रिय स्तरमा देखाउने गरेको प्रतिवद्धता एवं पालना गर्नुपर्ने दायित्व र आन्तरिक रुपमा अपनाउने गरेको व्यवहारका बीचको अन्तरलाई प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

## जैविक विविधतामा समुदायको सार्वभौम अधिकार

कुनै पनि मुलुकको जैविक विविधता सम्बन्धी नीति तथा कानुनमा कस्तो अवधारणालाई समेटिएको हुनुपर्छ, कस्ता व्यवस्थाहरु गरिएको हुनुपर्छ र यसमा कसलाई अधिकार सम्पन्न गराइएको हुनुपर्छ भन्ने बारेमा सचेत रहनु प्रत्येक राष्ट्र र त्यहाँका नागरिकहरुको मुख्य दायित्व हुन आउँछ । जैविक विविधता महासन्धिका अधिकारहरु प्रतिको सचेतनाले यस कार्यमा धेरै हदसम्म सहयोग गर्दछ । जैविक विविधता महासन्धि, १९९२ ले जैविक स्रोतमा जनअधिकारका लागि निम्न व्यवस्थाहरुलाई अङ्गिकार गरेको छ :

- विकासोन्मुख राष्ट्रका जनताहरुले जैविक विविधताको संरक्षणका लागि गरेका योगदानहरुको मान्यता रहने,
- जैविक विविधता प्रकृतिको देन मात्र नभई सामुदायिक क्रियाकलापहरुको देनबाट समेत सिर्जना हुने,
- जैविक विविधताको संरक्षण र सृजना विभिन्न देशका समाजको संस्कृति, जीवनशैली, ज्ञान र पद्धतिको कारणबाट हुने,

- परस्थानीय संरक्षण भन्दा स्थानीय संरक्षण दिगो हुने भएकोले त्यसमा प्राथमिकता दिनुपर्ने,
- स्थानीय समुदाय र राज्यको जैविक विविधता माथिको अधिकारलाई मान्यता प्रदान गरिएको खण्डमा मात्र जैविक विविधताको संरक्षण हुने,
- जैविक विविधताको दिगो उपयोग र यसबाट प्राप्त हुने लाभलाई समानुपातिक रुपमा वितरण गर्नु पर्ने,
- उल्लेखित कार्यका लागि प्रत्येक राष्ट्रहरुले आवश्यक नीति र कार्यक्रमहरु तर्जुमा गर्नु पर्ने । *(स्रोतः जैविक विविधता महासन्धि, १९९२)*

नेपालले जैविक विविधता महासन्धिलाई २०५० सालमा कानुन सरह लागू हुने गरी अनुमोदन गरेको छ[२]। यस महासन्धिलाई अनुमोदन गर्ने राष्ट्रले एकातर्फ जैविक विविधताको दिगो उपयोग र अर्कोतर्फ यसबाट प्राप्त हुने लाभलाई समानुपातिक रुपमा वितरण गर्नको लागि समेत आवश्यक कानुनी र नीतिगत व्यवस्था गर्नुपर्ने हुन्छ । यस अनुरुपको काम गर्नका लागि प्रत्येक राष्ट्रलाई विश्व वातावरण सहयोग (जि.इ.एफ.) बाट आर्थिक अनुदान प्राप्त हुने गर्दछ र यसै कार्यक्रम अन्तरगत नेपाललाई पनि सन् १९९३ देखि निरन्तर रुपमा अनुदान प्राप्त हुँदै आएको छ[३]। यसै अनुदान रकमबाट नेपालले आफ्नो जैविक विविधता सम्बन्धी नीति तथा कानुनहरुको तर्जुमा गर्नु आवश्यक थियो र सोही सिलसिलामा नेपाल जैविक विविधता कार्ययोजना बनाउन शुरु गरिएको थियो । यस्तो योजना बनाउँदा कसरी बनाउने र कसलाई सहभागी गराउने भन्ने बारेमा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यू.एन.डि.पि.) द्वारा एउटा मार्गनिर्देशिका जारी गरिएको छ, जसलाई जि.इ.एफ. बाट अनुदान प्राप्त गर्ने सबै राष्ट्रहरुले पालना गर्नु आवश्यक हुन्छ[४]।

## जनसमुदाय, जैविक विविधता र जोहानेशवर्ग सम्मेलन

यू.एन.डि.पि. को उक्त मार्गनिर्देशिका अनुसार कुनै पनि राष्ट्रले जैविक विविधता सम्बन्धी नीति, कानुन र कार्यक्रमहरु बनाउँदा सबै चरणहरुमा मुख्य रुपमा ***पशुपालकहरु, किसानहरु, दाउरेहरु, सबै प्रकारका गोठाला समुदायहरु, माझीहरु, साना शिकारीहरु, आराकसीको काम गर्ने श्रमिकहरु, परम्परागत रैथाने बासिन्दाहरु, आदीवासी तथा जनजाती समुदायहरु, विपन्न एवं गरिब समुदायका महिला तथा पुरुषहरु र नागरिकहरुका निगरानी समूहहरु***लाई सहभागी गराई उनीहरुसँग बसेर उनीहरुकै सल्लाह र निर्णय अनुसार योजना बनाउनु पर्ने शर्त तोकेको छ । तर नेपालमा जैविक विविधता कार्ययोजना बनाउँदा यी कुनै पनि पक्षहरुलाई सहभागी नगराई वन प्रशासनबाट केही ठाउँहरुमा उच्च पदस्थ सरकारी कर्मचारीहरु, विदेशी परियोजनाका जागीरेहरु र केही सरकारी आर्शिवाद प्राप्त गैर सरकारी संस्थाका कथित ठालुहरु गरी ४७४ जना बेसरोकारवालाहरुका ११ ओटा कुम्भमेलाहरु आयोजना गरेर नेपाल जैविक विविधता कार्ययोजना बनाई लागू गर्न खोजिएको थियो[५]।

तर नेपालका सचेत सामुदायिक वन (सा.व.) उपभोक्ता समूहहरु र यसका लागि काम गर्ने केही अभियानकर्ताहरुबाट यस्तो प्रक्रिया प्रति पूर्ण असहमति जनाउँदै वि.सं. २०५७ सालमा उक्त सम्पूर्ण प्रक्रिया स्थगित गर्न दवाब सिर्जना गरियो । त्यसपछि यू.एन.डि.पि. ले वन प्रशासनलाई मार्ग निर्देशिका अनुसरण गरेर मात्र जैविक विविधता रणनीति र योजना बनाउन भनेको थियो । यू.एन.डि.पि.को मार्गनिर्देशिका अनुसार जैविक विविधता रणनीति र योजना बनाइएको नाटक गरेर देखाउनको लागि वन प्रशासकहरुकै उपस्थिति, नियन्त्रण र निर्देशनमा सर्वसाधारणको पहुँचभन्दा बाहिर निकुञ्जका होटलहरु र काठमाडौंका आलिशान रिसोर्टहरुमा केही गोष्ठीहरु आयोजना गराइयो । यसै क्रममा एकातर्फ सन् २००२ मा जोहानेशवर्गमा आयोजित दिगो विकास सम्बन्धी

विश्व सम्मेलन नजिकिंदै आएको र अर्कोतर्फ उक्त सम्मेलनमा नेपालको तर्फबाट जैविक विविधता महासन्धिको कार्यान्वयनका लागि गरेका कामहरुको प्रगति विवरण र दिगो विकासका एजेण्डाहरु पेश गर्न नसकेमा सहभागी हुन नपाइने भएकोले अन्ततोगत्वा जैविक विविधता महासन्धि र यू.एन.डि.पि. को मार्गनिर्देशिका विपरीत बनाइएको पुरानै नेपाल जैविक विविधता कार्ययोजनाबाट कार्यान्वयन योजनालाई अलग्याई रणनीतिलाई मात्र मन्त्रिपरिषद्बाट पारित गरियो । यसरी नेपाल जैविक विविधता रणनीति पारित गरिएको कुरा राष्ट्रिय स्तरमा सार्वजनिक नै नगरी उक्त रणनीति बोकेर सरकारी प्रतिनिधि मण्डल जोहानेशवर्गतर्फ लाग्यो । यस किसिमले जैविक विविधता माथि जनताको अधिकारका सम्बन्धमा नेपालले अन्तराष्ट्रिय स्तरमा देखाउने गरेको प्रतिवद्धता र राष्ट्रिय स्तरमा अगाल्ने गरेको व्यवहारका बीचमा ठूलो अन्तर रहेको छ । यो अन्तरको अन्त्य नभएसम्म नेपालको जैविक विविधता स्रोतमा नेपाली नागरिकका विपन्न समुदायहरुको अधिकार स्थापित हुन सक्दैन, बरु त्यस्तो अधिकार कटौती हुँदै जानेछ ।

**सहभागिमूलक अवधारणाको उपहास**

विवादास्पद अवस्थामा रहेको नेपाल जैविक विविधता रणनीतिलाई आधार मानेर वन प्रशासनले विगत केही समयदेखि अपारदर्शी रुपमा जैविक विविधता महासन्धिका प्रावधानहरुको विपरीत नेपाल जैविक विविधता रणनीति कार्यान्वयन योजनालाई अन्तिम रुप दिने प्रक्रिया तीब्र रुपमा अगाडि बढाएको छ । अनौठो पक्ष त के छ भने उक्त योजनालाई हालसम्म पनि मसौदाकै रुपमा रहेको छ भनिएको छ, तर सोही योजनामा समावेश गरिएका १२ ओटा परियोजनाहरु मध्ये ५ ओटा परियोजनाहरु वर्षौंदेखि पहिलो तथा दोस्रो चरणमा सञ्चालन भइरहेका छन्, जुन निम्न अनुसार रहेका छन् :

| परियोजनाहरु | प्राथमिकता | अवस्था |
|---|---|---|
| संरक्षण क्षेत्र बाहिर सामुदायिक सहभागिताबाट जैविक विविधता संरक्षण | पहिलो | नयाँ |
| पर्वतीय नीति तथा अनुसन्धान नेटवर्क | दोस्रो | नयाँ |
| एकीकृत सिमसार क्षेत्र व्यवस्थापन | तेस्रो | नयाँ |
| फूलचोकी-चन्द्रागिरि जैविक विविधता संरक्षण कार्यक्रम | चौथो | नयाँ |
| जैविक विविधताबाट गरिबी निवारण कार्यक्रम | पांचौं | सञ्चालित/नयाँ |
| पूर्वी नेपालमा तीनजुरे-मिल्के-जलजले गुँरास संरक्षण कार्यक्रम | छैठौं | नयाँ |
| संरक्षित क्षेत्रमा प्रजाति संरक्षण र वासस्थान व्यवस्थापन | सातौं | सञ्चालित/नयाँ |
| भू-परिधीय जैविक विविधता संरक्षण | आठौं | सञ्चालित/नयाँ |
| सामुदायिक सहभागिताद्वारा कृषीजन्य जैविक विविधता संरक्षण | नवौं | नयाँ |
| एककित चरन क्षेत्र व्यवस्थापन | दशौं | नयाँ |
| कन्चनजङ्घा त्री-देशीय शान्ति राष्ट्रिय निकुञ्ज स्थापना | एघारौं | सञ्चालित/नयाँ |
| नेपालमा जैविक विविधता संरक्षणको लागि संस्थागत विकास | बाह्रौं | सञ्चालित/नयाँ |

नेपालको जैविक विविधता रणनीति र कार्यान्वयन योजना बनाउने क्रममा शुरु देखि नै अत्यन्त अपारदर्शी प्रक्रिया अपनाई सहभागितामूलक अवधारणाको मर्ममा चोट पुऱ्याउदै आएको पाइन्छ । त्यसैले यस प्रति स्थानीय समुदायको पूर्ण असहमती रहदै आएको छ । यो रणनीति तथा योजनालाई स्थानीय समुदायको पक्षमा बनाउनका लागि प्रयास गरिरहेका अभियानकर्ताहरुलाई अनेकौं बहानामा यो प्रक्रियाबाटै अलग्याउने कार्य गरिएको छ । यति मात्र होइन कि दातृसंस्थाहरु

(जि.इ.एफ./यू.एन.डि.पि.) का आँखा छल्न वा छक्काउनका लागि उक्त योजना बनाउने क्रममा आयोजित गोष्ठी र बैठकहरुमा नागरिक समाजका नाममा कहिले औंठा छाप लगाउनु पर्ने सोझासाझा ल्याप्चेहरुलाई साक्षी राखेर लटपटाउने काम गरिएको छ भने कहिले नागरिक समाजकै नाममा सामन्ती शैलीका टाठा-बाठा, सुकिला-मुकिला र कथित ठालुहरुलाई साक्षी राखेर भ्रम सिर्जना गर्न खोजिएको छ ।

वन क्षेत्र र जैविक विविधतामा स्थानीय समुदायको अधिकार स्थापना गर्ने क्रममा आईपरेका नीतिगत सवालहरुका बारेमा चिन्तन-मनन गर्ने उद्देश्यले वि.सं. २०४६/०४७ मा राष्ट्रिय स्तरको वन क्षेत्र समन्वय समिति (एफ.एस.सि.सि.) बनाइएको थियो । त्यस समयमा यस्तो समन्वय समितिको अवधारणा पनि सा.व.का अभियानकर्ताहरुले नै ल्याएका थिए । यसरी सा.व. अधिकारका बारेमा चिन्तन-मनन गर्ने मञ्चको रुपमा गठन भएको एफ.एस.सि.सि. र यस अन्तरगत रहेका सबै कार्यसमूहहरु अहिले सरकारी नियन्त्रण भित्र रहेका छन्, जसलाई वनमाथिको जनताको अधिकार कटौती गर्न साक्षी बनाइएको छ । उक्त समिति र यसका कार्यसमूहहरुमा सा.व. अधिकारका लागि आवाज उठाउने व्यक्तिहरु र सर्वसाधारण वन उपभोक्ताहरुलाई सहभागी हुन रोक लगाइएको छ भने यसका निर्णयहरु लुकाउने वा गोप्य राख्ने गरिएको आरोप छ । यसरी यो मञ्चद्वारा विगत केही वर्षदेखि स्थानीय समुदायको प्रतिनिधिका नाममा त्यस्ता समुदायको प्रतिनिधित्व नै नगर्ने व्यक्तिहरुलाई साक्षी राख्ने, पारदर्शिताको सट्टामा निर्णयहरु लुकाउने र सा.व. विरोधी नेपाल जैविक विविधता रणनीति कार्यान्वयन योजना बनाई लागू गर्न खोजिएको छ भन्ने कुरा पुष्टि हुदै आएको छ ।

स्थानीय समुदायको व्यापक असहमतिका बावजुद् पनि यो योजनामा सुरुको समयमा समावेश गरिएका स्थानीय समुदायको अधिकार कटौती गर्ने खालका परियोजनाहरुलाई अहिले पनि उच्च प्राथमिकता सहित यथावत राखिएको छ । त्यस्तै सरकारी वन प्रशासक र माथिल्लो तहमा पहुँच भएका व्यक्तिहरुलाई हित गर्ने खालका थप परियोजनाहरुलाई पनि उच्च प्राथमिकता प्रदान गरिएको छ । जैविक विविधतामा स्थानीय समुदायलाई अधिकार प्रदान गर्न त परै जाओस्, साझेदार बनाउन पनि अस्वीकार गरिएको छ । यसरी यो योजनाले एकातर्फ प्राकृतिक स्रोत व्यवस्थापनमा स्थानीय समुदायको अधिकार सहितको सहभागिताको अवधारणालाई अपमान र अवसान गरेको छ भने अर्कोतर्फ स्थानीय रैथाने समुदायलाई शक्तिहीन बनाएको छ । नेपाल जैविक विविधता रणनीति कार्यान्वयन योजनामा समावेश गरिएका परियोजनाहरुमा वन प्रशासनको मात्र नियन्त्रण र भूमिका हुने गरी शक्ति केन्द्रित गरिएको छ भने स्थानीय सरकार र नागरिक समाजको भूमिकालाई बेवास्ता गरिएको छ । यस्तो संरचनाले नेपालद्वारा अवलम्बन गरिएको विकेन्द्रीकरणको अवधारणासँग मेल खाने देखिदैन ।

### प्रस्तावित जैविक विविधता परियोजनाहरुमा समुदायको स्थान

जैविक विविधताको विषयमा नीति, रणनीति, कानुन र कार्ययोजना बनाउनु आफैमा राम्रो कुरा हो । यस्ता सकारात्मक काम कुराहरुमा कसैको विमति हुदैन, बरु सहयोग नै हुन्छ । किनकी यी सबैका सरोकारका विषयहरु हुन् । त्यसैले यस सम्बन्धी नीति, कानुन र कार्यक्रम तथा योजनाहरु निर्माणको लागि निर्धारित प्रक्रियाहरुको पालना गरियो वा गरिएन र त्यस्ता योजनाहरुले कसको हित र पक्ष-पोषण गर्छ भन्ने बारेमा सम्बन्धित सबैले चासो राखेका हुन्छन् । तर यस्तो चासो चाँहि चासो मै सीमित रहेको छ । नेपालमा जैविक विविधता रणनीति र कार्यान्वयन योजना बनाउँदा पालना गर्नुपर्ने प्रक्रियाहरु त निश्चित रुपमा पालना गरिएको छैन भन्ने कुरा माथि

उल्लेखित तथ्यहरुले स्पष्ट नै पारेका छन् । त्यसैगरी यो योजनामा समावेश गरिएका परियोजनाहरु पनि स्थानीय समुदायको हितमा छन भन्ने कुनै बलियो र विश्वासिलो आधार छैन । यसरी बनेको योजनामा समावेश गरिएका परियोजनाहरुले स्थानीय समुदायलाई कति फाइदा गर्छन् वा असर पार्छन् भन्ने बारेमा भए पनि अब सार्वजनिक रुपमा छलफल हुनु नितान्त आवश्यक भइसकेको छ ।

पछिल्लो पटक २०६० भदौमा मसौदाको रुपमा तयार गरिएको जैविक विविधता कार्यान्वयन योजनामा जैविक विविधता सम्बन्धी १२ ओटा परियोजनाहरु तत्काल लागू गर्ने गरी प्रस्ताव गरिएको छ, जसमध्ये ५ ओटा परियोजनाहरु पहिलादेखि नै निरन्तर रुपमा सञ्चालित छन् । यस्ता १२ ओटा परियोजनाहरुको लागि ८ करोड २७ लाख ७० हजार अमेरिकी डलरको बजेट प्रस्ताव गरिएको छ । उक्त बजेट खर्च गर्नको लागि कर्मचारीहरुको तलव र उनीहरुको क्षमता विकास, यातायात, कार्यालयका लागि अत्याधुनिक सरसामानहरु र कार्यालय सञ्चालन खर्च तथा परियोजनाहरुका कार्यालयका लागि भौतिक संरचनाहरुको निर्माण समेत गरी ६ ओटा शीर्षकहरु निर्धारण गरिएको छ । यसरी जैविक विविधताको संरक्षणमा प्रत्यक्ष संलग्न भइरहेका स्थानीय समुदायसँग कुनै सम्बन्ध नै नहुने खालका शीर्षकहरु निर्धारण गरी सोही शीर्षकहरुमा बजेट खर्च गरेर सञ्चालन गरिने यी परियोजनाहरुले नेपालको जैविक विविधताको दिगो संरक्षण र त्यसमाथि स्थानीय समुदायको अधिकार स्थापनाको लागि प्रभावकारी भूमिका निर्वाह गर्न सक्छन् भनेर कसरी विश्वास गर्ने ? यो आफैमा एउटा गम्भीर सवाल हो ।

### कस्को सम्पत्ति ? कस्को कानुन ?

नेपालका मध्य तथा उच्च पहाडका अधिकांश वन क्षेत्रहरु स्थानीय समुदायले सा.व.को रुपमा व्यवस्थापन गर्दै आएका छन् । नेपालको वन व्यवस्थापन सम्बन्धी कानुनी व्यवस्था अनुसार यस्ता वनहरु स्थानीय सा.व. उपभोक्ता समूहहरुका सम्पत्ति हुन् । यसरी सा.व.को रुपमा व्यवस्थापन गरेर जैविक विविधताको संरक्षण गरिरहेका वन क्षेत्रहरुलाई नै श्री ५ को सरकारले उक्त जैविक विविधता रणनीति र कार्यान्वयन योजना अनुसार राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको रुपमा घोषणा गर्ने प्रस्ताव गरेको छ । यो योजनामा समावेश गरिएको यही पक्ष नै स्थानीय समुदायको वनमाथिको सार्वभौम अधिकारमा प्रत्यक्ष असर पार्ने विषय हो, किनकी सा.व.को रुपमा रहेका यस्ता वन क्षेत्रहरु निकुञ्ज वा संरक्षण क्षेत्रको रुपमा परिणत हुँदा त्यहाँ वन सम्बन्धी कानुनी व्यवस्था लागू नभई निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्र सम्बन्धी कानुन लागू हुन्छ, जुन कानुनले जैविक विविधता माथिको स्थानिय सामुदायिक अधिकारलाई प्रत्यक्ष रुपमा अस्वीकार गर्दछ ।

नेपालका लागि दिगो विकासको एजेन्डाका अनुसार नेपालमा हाल १८ प्रतिशत भन्दा बढी भू-भाग संरक्षण क्षेत्रको रुपमा घोषणा भइसकेको र विश्वमा नै अरु देशको तुलनामा यो क्षेत्र सर्वाधिक धेरै भएको कुरा स्वीकार गरेको छ । सोही एजेन्डामा नेपालको पहाडी क्षेत्र भनेको सा.व. व्यवस्थापनको माध्यमबाट पर्यावरणीय प्रणालीको बृहत् व्यवस्थापन बिस्तार गर्न सकिने क्षेत्र हो भन्ने कुरा स्पष्ट पारिएको छ । तर सो को विपरित नेपाल जैविक विविधता रणनीति र कार्यान्वयन योजनामा निम्न अनुसार संरक्षण क्षेत्र घोषणा गर्ने योजना बनाइएको छ :

**प्रस्तावित संरक्षण क्षेत्रहरु**

| प्रस्तावित संरक्षण क्षेत्रहरु | प्रभावित जिल्लाहरु | प्रस्तावित क्षेत्रफल |
|---|---|---|
| त्री-देशीय शान्ति राष्ट्रिय निकुञ्ज | ताप्लेजुङ | २,०३५ वर्ग कि.मि. |
| तीनजुरे-मिल्के-जलजले गुँरास संरक्षण क्षेत्र | ताप्लेजुङ्ग, तेह्रथुम र संखुवासभा | १६,००० हेक्टर |
| गौरीशङ्कर जैविक विविधता संरक्षण क्षेत्र | दोलखा, सोलुखुम्बु र सिन्धुपलान्चोक | १३,७२४ हेक्टर |
| फूलचोकी - चन्द्रागिरि जैविक विविधता संरक्षण क्षेत्र | काभ्रेपलान्चोक, ललितपुर, मकवानपुर काठमाण्डौं र धादिङ | ६४४ वर्ग कि.मि. |
| नोटः जैविक विविधता रणनीति कार्यान्वयन योजनाले उक्त प्रस्तावित संरक्षण क्षेत्र र हाल घोषणा भइसकेका निकुञ्ज एवं आरक्षको आसपासमा मध्यवर्ती क्षेत्रहरु घोषणा गर्ने कार्यक्रम निर्धारण गरेको छ, जसले वन स्रोतमा समुदायको अधिकारलाई थप साँघुरो बनाउने छ। | | |

यस योजनामा ताप्लेजुङ जिल्लामा रहेको कञ्चनजङ्घा संरक्षण क्षेत्रलाई त्री-देशीय शान्ति राष्ट्रिय निकुञ्जको रुपमा घोषणा गर्ने प्रस्ताव गरिएको छ भने ताप्लेजुङ्ग, तेह्रथुम र संखुवासभामा रहेको तीनजुरे-मिल्के-जलजले लालीगुँरास क्षेत्रलाई संरक्षण क्षेत्रको रुपमा घोषणा गर्ने प्रस्ताव गरेको छ। त्यस्तै सगरमाथा राष्ट्रिय निकुञ्ज र लाङटाङ राष्ट्रिय निकुञ्जको बीचमा पर्ने सोलुखुम्बु, दोलखा र सिन्धुपलान्चोक जिल्लामा रहेको वन क्षेत्रलाई गौरीशङ्कर संरक्षण क्षेत्र घोषणा गर्ने प्रस्ताव गरिएको छ भने काठमाडौं-वाग्मती-कुलेखानी जलाधार संरक्षण गर्ने नाममा काठमाडौं र धादिङमा रहेको चन्द्रागिरि पहाड एवं सिन्धुपलान्चोक, ललितपुर र मकवानपुरमा रहेको फूलचोकी पहाडलाई फूलचोकी - चन्द्रागिरि संरक्षण क्षेत्र घोषणा गर्ने प्रस्ताव गरिएको छ। यसरी यो योजना अनुसार संरक्षण क्षेत्र घोषणा गरिएमा उच्च तथा मध्य पहाडका **ताप्लेजुङ्ग, तेह्रथुम, संखुवासभा, सोलुखुम्बु, दोलखा, सिन्धुपलान्चोक, काभ्रेपलान्चोक, ललितपुर, मकवानपुर, काठमाण्डौं र धादिङ** गरी ११ ओटा जिल्लाहरुमा रहेका अत्यधिक सा.व.हरु संरक्षण क्षेत्रमा परिणत हुनेछन्। परिणामतः वर्षौं लगाएर सा.व.का लागि सिर्जना गरिएका प्रभावकारी कानुनी र संस्थागत संरचनाहरु प्रत्यक्ष रुपमा समाप्त भएर जानेछन्।

**फकाइ-फकाइ लगेर चिमोटी-चिमोटी मार्ने ?**

काठमाडौंमा रहेको शिवपुरीको वनलाई सुरुमा जलाधार क्षेत्र घोषणा गर्दा त्यहाँका स्थानीय समुदायलाई केही मर्का पर्दैन, बरु ठूलो परियोजना आउँछ भनी फकाइएको थियो। पछि त्यसै ठाउँलाई आरक्ष/संरक्षण क्षेत्र बनाउँदा स्थानीय आदिवासी रैथाने समुदायले विरोध गरे। त्यस समयमा पनि स्थानीय समुदायलाई यहाँ परियोजना आउँछ भनेर भुक्याइयो। २ वर्ष अगाडि त्यस ठाउँलाई एक्कासी निकुञ्जको रुपमा घोषणा गरिएपछि स्थानीय समुदायका मानिसहरुले त्यहाँको वन पैदावार उपयोग गर्न त परै जाओस्, अत्यावश्यक पर्ने बाटोमा हिँड्न पनि पाएका छैनन्। यो कुरा हामी सबैले छर्लङ्ग देखी सकेका छौं।

त्यसैले जैविक विविधता संरक्षणका नाममा सा.व. उपभोक्ता समूहहरुको वनमाथिको अधिकार कटौती गर्ने गरी लागू गर्न खोजिएका प्रस्ताव र परियोजनाहरुलाई हालकै रुपमा लागू गर्न दिने वा वैकल्पिक उपायहरुको खोजी गर्ने भन्ने बारेमा खासगरी सा.व. उपभोक्ता समूहहरु र यसको हितका लागि काम गर्ने पक्ष, निकाय वा नागरिक समाजले गम्भीर रुपमा सोच्नुपर्ने समय आएको छ। जैविक विविधताको संरक्षण र यसको दिगो सदुपयोग सबैको सरोकार र दायित्वको विषय हो। यसमा दुई मत हुन सक्दैन। तर यहाँ कुरा जैविक विविधता संरक्षणका नाममा मागिने ८ करोड

अमेरिकी डलरको होईन, कुरा जैविक स्रोत माथि स्थानीय समुदायको अधिकारको हो । त्यसैले करोडौं अमेरिकी डलर कमाउन जो सुकैले अरु जे सुकै गरे पनि स्थानीय समुदायको जीवन निर्वाह गर्ने आधारको रुपमा रहेको वन स्रोतमाथिको सामुदायिक अधिकारमा अनुचित हस्तक्षेप गर्नु न्याय सङ्गत हुदैन ।

वातावरणीय एवं प्राकृतिक न्यायको सिद्धान्त अनुसार आफ्नो अधिकार र सरोकारका सवालमा कुरा उठाउन र अडान लिन सम्बन्धित सबै समुदायका नागरिकहरुलाई अधिकार प्राप्त छ । त्यसमा पनि जैविक विविधतामा जनताको अधिकारको लागि जैविक विविधता महासन्धि जस्तो विपन्न र गरिबमुखी अन्तर्राष्ट्रिय कानुनले हामीलाई आफ्नो जैविक स्रोतहरुको मालिक बनाएको छ । त्यसैले आफ्नो स्रोतहरुमाथिको अधिकारका सम्बन्धमा सम्बन्धित समुदाय पनि समयमै सचेत हुनु आवश्यक भएको छ ।

## तालिका १. जैविक विविधता सम्बन्धी कानुन, नीति तथा कार्यनीतिहरु

**वन सम्बन्धी कानुनहरु**

१. वन ऐन, २०४९
२. निजी वन जङ्गल राष्ट्रियकरण ऐन, २०१३
३. विरुवा संरक्षण ऐन, २०२९
४. वन नियमावली, २०५१
५. सामुदायिक वन निर्देशिका, २०५२
६. वन पैदावार (काठ दाउरा) विक्री वितरण निर्देशिका, २०५७

**वन सम्बन्धी नीतिहरु**

१. वन विकास गुरुयोजना, २०४६
२. कबुलियती वन नीति, २०५९
३. जडीबुटी तथा गैरकाष्ठ वन पैदावार नीति, २०६०

**संरक्षण सम्बन्धी नीतिहरु**

१. नेपालको राष्ट्रिय संरक्षण कार्यनीति, १९८८
२. नेपाल वातावरणीय नीति तथा कार्ययोजना (पहिलो), १९९३
३. नेपाल वातावरणीय नीति तथा कार्ययोजना (दोस्रो), १९९८
४. राष्ट्रिय सिमसार नीति, २०५९
५. नेपाल जैविक विविधता रणनीति, २०६०
६. नेपालको दिर्घकालिन विकासको एजेन्डा, २०६०
७. निकुञ्ज आरक्ष वा संरक्षण क्षेत्र गैर सरकारी वा अन्य सङ्घ संस्थालाई व्यवस्थापन गर्न दिने नीति, २०६०
८. वन्यजन्तु पालन, प्रजनन तथा अनुसन्धान कार्यनीति, २०६०
९. घरपालुवा हात्ती व्यवस्थापन नीति, २०६०
१०. दशौं पञ्चवर्षिय योजना

**संरक्षण क्षेत्रसम्बन्धी कानुनहरु**

१. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
२. भू तथा जलाधार संरक्षण ऐन, २०३९
३. श्री ५ महेन्द्र प्रकृति संरक्षण कोश ऐन, २०३९
४. एकीकृत पर्वतीय विकास केन्द्र ऐन, २०४९
५. वातावरण संरक्षण ऐन २०५३
६. पर्यटन ऐन, २०३५
७. सार्वजनिक सडक ऐन, २०३१
८. लुम्बिनी विकास कोश ऐन, २०४२
९. पशुपती क्षेत्र विकास ऐन, २०४४
१०. वातावरण संरक्षण नियमावली, २०५४
११. शाही चितवन राष्ट्रिय निकुञ्ज नियमावली, २०३०
१२. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०
१३. वन्यजन्तु आरक्ष नियमावली, २०३४
१४. हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६
१५. खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४
१६. मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२
१७. शाही वर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३
१८. संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३
१९. संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७
२०. हात्तीको व्यवस्थापन नियमहरु, २०२२

**जलस्रोत सम्बन्धी कानुनहरु**

१. जलस्रोत ऐन, २०४९
२. विद्युत ऐन, २०४९
३. नेपाल विद्युत प्राधिकरण ऐन, २०४१
४. नेपाल खानेपानी संस्थान ऐन, २०४५
५. जलचर संरक्षण ऐन, २०१७
६. जलस्रोत नियमावली, २०५०
७. खानेपानी नियमावली, २०५५
८. सिँचाई नियमावली, २०५६
९. विद्युत नियमावली, २०५०

**अन्य विविध कानुनहरु**

१. नेपाल अधिराज्यको संविधान, २०४७
२. मुलुकी ऐन, २०२०
३. स्थानीय स्वायत्त शासन ऐन, २०५५
४. स्थानीय स्वायत्त शासन नियमावली, २०५६
५. औद्योगिक व्यवसाय ऐन, २०४९
६. आयकर ऐन, २०५८
७. मूल्य अभिबृद्धि कर ऐन, २०५२
८. फोहर मैला (प्रबन्ध तथा स्रोत परिचालन) ऐन, २०४९
९. विस्फोटक पदार्थ ऐन, २०१८

**जमिन र कृषि सम्बन्धी कानुनहरु**

१. विर्ता उन्मुलन ऐन, २०१६
२. जग्गा (नाँप जाच) ऐन, २०१९
३. उखडा सम्बन्धी ऐन, २०२१
४. भूमि सम्बन्धी ऐन, २०२१
५. भोरा क्षेत्रको जग्गा सम्बन्धी ऐन, २०२८
६. खर्क जग्गा राष्ट्रियकरण ऐन, २०३१
७. जग्गा प्राप्ति ऐन, २०३४
८. खाद्य ऐन, २०२३
९. दाना पदार्थ ऐन, २०३३
१०. सहकारी ऐन, २०४८
११. बीउ विजन ऐन, २०४५
१२. नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८
१३. जीवनाशक विषादी ऐन, २०४८
१४. राष्ट्रिय दुग्धविकास बोर्ड ऐन, २०४८
१५. राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९
१६. नेपाल खानी तथा खनिज पदार्थ ऐन, २०४२
१७. गुठी संस्थान ऐन, २०३३
१८. मालपोत ऐन, २०३४
१९. जग्गा नाप जाँच नियमावली २०५८
२०. मालपोत नियमावली, २०६०
२१. खनिज पदार्थ नियमावली, २०५६

**कृषि सम्बन्धी नीति**

१. दीर्घकालिन कृषि नीति, १९९५

(लेखक सामुदायिक वन उपभोक्ता महासंघ, नेपालको अधिवक्ताका रुपमा कार्यरत हुनुहुन्छ ।)